# कवि बालकृष्ण सम र उनको आगो र पानी खण्डकाव्य

**लोकचन्द्र खनाल**

## १. कवि बालकृष्ण सम

जनरल डम्बर समशेरका नाति समर समशेर तथा कीर्तिराज्यलक्ष्मीका छोरा बालकृष्ण समको जन्म वि.सं. १९५९ साल माघ २४ गते भएको हो । उनको पीरिवारिक वातावरण शैक्षिक रूपले सचेत एवं आर्थिक रूपले सम्पन्न भएकाले उनले सानैदेखि शैक्षिक तथा साहित्यिक वातावरण प्राप्त गरेका थिए । आठ वर्षको उमेरमा वि.सं. १९६७ सालमा भाषा (खा) मुठीको सबलाई हेरि । राज हुन्छ नाराण विष्णु मेरी भन्ने श्लोकबाट कविता यात्राको आरम्भ गरेका समले आफ्नो जीवनको सात दशक लामो कविता यात्रामा एक खण्डकाव्य, एक महाकाव्य र चार सयभन्दा बढी फुटकर कविताहरूको रचना गरेर नेपाली साहित्यको काव्य भण्डारलाई संमृद्ध तुल्याएका छन् ।

साहित्यका विभिन्न विधामा कलम चलाएका बालकृष्ण समले कथा, कविता, निबन्ध, एकाङ्की तथा नाटकहरूको रचना गरेका छन् । तापनि साहित्यकारका रूपमा उनी मूलतः, नाटककार हुन् । उनको नाट्यक्षेत्रको मूल प्राप्ति कविता-नाटक हो भने त्यस पछिको दोस्रो प्रमुख क्षेत्र कविता हो । कविता विधासँगै समको भावात्मक सम्बन्ध छ । किनकी साहित्यको आरम्भ र अन्त्य उनले यसै विधाबाट गरेका छन् । नेपाली कविताको आधुनिक कालमा लेखनाथ पौड्यालसँगै शुरु भएको शास्त्रीयतावादी काव्य पारालाई अगाडि बढाउने कार्यमा उनको अविष्मरणीय देन छ ।

आफ्नो सात दशक लामो कवितायात्रामा कवि बालकृष्ण समले पद्य नाटक, फुटकर कविता, खण्डकाव्य तथा महाकाव्यको रचना गरेका छन् । उनले आफ्ना प्रायः सबै कविताहरूमा दार्शनिक चिन्तनहरू व्यक्त गरेका हुनाले उनका कविता बुझ्नका लागि दार्शनिक समलाई बुझ्नु पर्दछ । (विशेषतः नियमित आकस्मिकता (२००५) का दार्शनिक समले व्यक्त गरेका दार्शनिक चिन्तनहरू नियमित आकस्मिकताको प्रकाशनपछि उनका कवितामा व्यक्त भएको पाइन्छ । यस पूर्वका सम विशेषतः आध्यात्मवादी दर्शनबाट प्रभावित छन् र यस पछिका सममा आध्यात्मवाद र भौतिकवादको द्वन्द्व पाइन्छ । स्वर्ग र देवता (२००४) मा छिटफुट रूपमा देखापरेका भौतिक-आध्यात्मिक चिन्तनहरू नियमित आकस्मिकतामा आइपुग्दा प्रष्ट दर्शनका रूपमा देखापर्दछन् । नियमित आकस्मिकतामा व्यक्त दर्शनलाई कवितात्मक रूप दिएर उनले दार्शनिक ग्रन्थको कवितात्मक संस्करणका रूपमा **आगो र पानी** (२०११) को प्रकाशन गरेका छन् भने चिसो चूल्हो (२०१५) महाकाव्यसम्म पनि उनको यो चिन्तन व्यक्त हुँदै गएको पाइन्छ । उनी मूलतः स्वर्ग र देवता फुटकर कवितादेखि नै चिन्तनशील र बौद्धिक कविका रुमपा देखापर्दै आएका हुन् र यो चिन्तनले उत्तरोत्तर विकसित रूप प्राप्त गर्दै अगाडि बढेको छ । भावनाको बौद्धिक कोमलता नै कविता हो भन्ने मान्यताका समको प्रमुख कवितात्मक प्रवत्ति चिन्तनशीलता र बौद्धिकता हो ।

चिन्तनशील कविका रूपमा रहेर समले एकातिर बौद्धिकता प्रस्तुत गरेका छन् भने अर्कोतिर उनी मानवतावादी दार्शनिक कविका रूपमा पनि देखापरेका छन् । ईश्वरको मृत्यु भयो र पृथ्वीको अधिपति नै मान्छे हो भन्ने घोषणा गर्ने नित्सेको ईश्वर मृत्युको घोषणा, मार्क्सको मार्क्सवाद र डार्विनको विकासवादले स्वीकारेको मानव सत्ताको सर्वोच्चतालाई उनले पनि स्वीकारेका छन् । उनले स्वर्ग र नरक अर्को कुनै ठाउँ छैन र देवता तथा राक्षस पनि अरू केही होइन, पृथ्वी नै स्वर्ग हो र मान्छे नै ईश्वर हो भन्ने मानवतावादी चिन्तन स्वर्ग र देवता कवितामा व्यक्त गरेका छन् भने **आगो र पानी**मा आएर **आगो र पानी**को मिलनबाट नै जीवन फुल्न सक्छ भन्ने समन्वयवादी मानवतावादी चिन्तन व्यक्त गरेका छन् ।

लय विधानका कोणबाट समलाई हेर्दा उनी अनुष्टुप छन्दका कविका रूपमा देखापर्दछन् । अनुप्रासहीन अनुष्टुप छन्दको प्रयोगका दृष्टिले उनी नेपाली काव्यसाहित्यका उत्कृष्ट कवि मानिन्छन् । यस छन्दको प्रयोग उनको कविता यात्राको शुरुमै देखापरेको हो तर २००४ सालपछि उनी परिष्कृत र परिमार्जित गद्य शैलीको सफल प्रयोक्ताका रूपमा स्थापित भएका छन् । **आगो र पानी**, स्वर्ग र देवता एवं चिसो चूल्हो उनका गद्य कविताका उत्कृष्ट नमुना हुन् ।

शास्त्रीय कविका रूपमा समले आफूलाई लेखनाथका समवर्ती उत्तरवर्ती कविका रुमपा प्रस्तुत गरेका छन् । उनी शब्दलाई पुछी-पुछी, माझी-माझी र छानी-छानी प्रयोग गर्दछन् । विभिन्न प्रकारका सुगन्धमय फूलहरूलाई छाँटले टिपेर सुन्दर वैठकको टक्टकाउँदो लुगाले छोपेको टेवलमाथिको कलात्मक फूलदानामा सजाएको दृश्य समको संरचना हो भन्ने तानाशर्माको भनाईले उनी सचेत शास्त्रीयवादी कविका रूपमा प्रष्ट हुन्छन् । उनी एक सचेत बौद्धिक कवि हुन् । उनका केही कविताको शैलीलाई मात्र झिकिदिने हो भने उनका कविता कविता नभएर दर्शनका रूपमा मात्र बाँकी रहन्छन् । बौद्धिकतालाई भावनाद्वारा कोमल तुलउनु र शैलीद्वारा उच्चता प्रदान गर्नु समको निजी वैशिष्ट हो । उनले कवितामा छन्दलाई अनिवार्य तत्त्वका रूपमा स्वीकारेका छैनन् । उनको कविता सृजनाको विधानलाई हेर्दा उनले कविताका लागि आवश्यक तत्त्वका रूपमा छन्दलाई भन्दा भावना, बौद्धिकता र कोमलतालाई स्वीकारेका छन् । यही अर्थमा उनी सफल कविका रूपमा प्रसिद्ध छन् ।

सात दशक लामो आफ्नो काव्य यात्रामा उनी एक सफल शास्त्रीयतावादी कविका रूपमा देखापरेका छन्। कविताका फुटकरदेखि बृहद् रूपसम्मको रचना गरिसकेका समका अन्य काव्यप्रवृत्तिहरूमा आध्यात्मवाद, भौतिक-आध्यात्मवाद, आत्मपरकतामा भन्दा वस्तुपरकतामा रम्नु, हार्दिकतालाई भन्दा बौद्धिकतालाई बढी जोड दिनु, वणृमात्रिक अनुप्रासहीन अनुष्टुप छन्दको अनुशरण गर्नु  आदिलाई लिन सकिन्छ ।

## २. आगो र पानी खण्डकाव्य

उपन्यास बाहेक साहित्यका अन्य प्रायः सबै विधाहरूमा कलम चलाएका बालकृष्ण समले कविताको मझौला रूपमा खण्डकाव्यको पनि रचना गरेका छन् । उनले एक प्रभात स्मरण, आर्यघाट तथा अवतार दर्शन जस्ता खण्डकाव्यहरूको रचना गरेको उल्लेख पाइन्छ । उनले एक प्रभात स्मरण १९७७ मा समाप्त गरेका र मेरो कविताको आरधना मा वि.सं. २०२३ मा प्रकाशित गरेका छन् । आर्यघाट वि.सं. १९७८ मा एक सर्ग मात्र लेखेर अपूर्ण रूपमा छाडेका छन् । उनले अवतार दर्शन पनि लेखेका छन् तपानि अवतार दशृन अप्रकाशित नै रहेकाले खण्डकाव्यकारका रूपमा उनलाई हेर्ने एउटै मात्र आधार रचना **आगो र पानी** हो । वि.सं. २०११ सालमा प्रकाशित **आगो र पानी** खण्डकाव्य नै उनको उपलब्ध खण्डकाव्य हो तर यही रचनाका माध्यमबाट पनि उनी एक चर्चित खण्डकाव्यका रूपमा प्रस्तुत हुन सकेका छन् किनकी त्यसै कृतिका माध्यमबाट उनले नेपाली खण्डकाव्य परम्परालाई नवीनता दिन सकेका छन् । तसर्थ यही कृतिका माध्यमबाट उनको खण्डकाव्यकारितालाई हेर्न सकिन्छ ।

**आगो र पानी** खण्डकाव्यकार बालकृष्ण समको बौद्धिकताले आक्रान्त खण्डकाव्य हो । संरचनागत रूपबाट हेर्दा यसलाई अघिको र पछिको गरो दुई भागमा विभाजन गरिएको छ । दुवै खण्डमा चौबीस-चौबीस अड्चालीस कवितांशहरू छन् । यी कवितांशहरू सबै समान नभएर कुनै लामा र कुनै छोटा छन् । सबैभन्दा छोटो कवितांश १० पंक्तिको (पछिको, कवितांश १६, पृ. ७५) र सबैभन्दा लामो कवितांश ११७ पंक्तिको (पछिको, कवितांश १८, पृ. ८२) छ । दुई भागमा विभक्त खण्डकाव्यका अघिल्लो अंशमा पृथ्वीको सृष्टिदेखि लिएर ग्रीकको इतिहास, ऋग्वेदीय सभ्यता, पूर्व तथा पश्चिमका ऐतिहासिक घटना एवं तिनका राम्रा-नराम्रा पक्षहरूलाई देखाइएको छ भने पछिको अंशमा पूर्व-पश्चिमको इतिहासलाई समेट्दै आदर्श राज्य (युटोपिया) को कल्पना एवं मानवताको शंखघोष गरिएको छ ।

समले खण्डकाव्यलाई अघिको र पछिको गरी दुई भागमा विभाजन गरेका भए पनि वस्तुक्रमका दृष्टिले ती दुई भागमा कुनै विच्छिन्नता नभेट्टिएर एउटै क्रम, एउटै श्रृङ्गखला र एउटै तान्द्रामा कथावस्तु बुनिएको छ । खण्डकाव्यको आरम्भदेखि पछिको नवौं कवितांशसम्म समले पृथ्वीको उत्पत्तिका क्षणमा पृथ्वी डल्लोमा भएको प्रचण्डता, भीषण अग्निलप्का, भूकम्पको प्रकोप भएको कुरा उल्लेख गर्दै क्रमशः आगाको प्रचण्डताभित्र वाष्प र वाष्पबाट पानी बन्दै गएर आगाको लप्कालाई पानीले केही मन्थर बनाउँदै लगेको तथ्यलाई प्रस्तुत गरिएको छ । **आगो र पानी**को परस्पर युद्धले पृथ्वी सेलाउँदै जानाले फलस्वरूप पृथ्वीमा प्राणीको सृष्टि भएको र विभिन्न प्राणीको सृष्टिको क्रममा सबै भन्दा पछि मानवको सृष्टि भएको कुरा उल्लेख गर्दै सबैभन्दा पछाडि जन्मिएका कारण मान्छे बढी बुद्धिमान भएकोले उसले आफूलाई आय प्राणीभन्दा भिन्न तुल्यायो र आफूभित्रको आगाको सक्रियताम आफूलाई सञ्चालन गऱ्यो । ग्रीक, युनान र रोममा युद्ध चर्क्यो, ट्राय मिश्री, आर्य र चिनीयाहरूमा युद्ध भयो, जताततै आगो सल्क्यो, शक्तिको खाँडो जाग्यो । यही क्रममा पूर्व र पश्चिममा शक्तिशाली राजाहरू देखापरे । उनीहरूका अगाडि निमुखा व्यक्तिहर जाँतोमा पिसिएझैं पिसिए । बुद्ध, गान्धि, इशामही जस्ता केही शक्तिशाली र शान्तिकामी व्यक्तिहरूको

जन्म भयो तैपनि युद्ध रोकिएन । सिकन्दर र जितेदस्तीजस्ता शासकहरूले आफ्नो साम्राज्यवादी नीति कायमै रहिरहे । धर्मको उदय भएर पनि आगोलाई साम्य पार्न सकेन, बरू झन धार्मिक मतभेदको सृजना गऱ्यो र रोम तथा इटलीमा धार्मिक युद्धहरू मच्चिए । यसै क्रममा नयाँ-नयाँ विचारहरू जन्मे, रुसोको प्रकृतिवाद, नित्सेको ईश्वर मृत्युको घोषणा, डार्विनको विकासवाद, मार्क्सको मार्क्सवाद आदि । यिनै प्रसङ्गहरूका साथ खण्डकाव्यको अघिको अंश समाप्त भएको छ ।

खण्डकाव्यको पछिको अंशमा विशेषतः मानवतावादी धारणाहरू व्यक्त भएका छन् । यस खण्डमा एकातिर मानव मात्रले समान अधिकार पाउनु पर्ने कुरा व्यक्त गरिएको छ। भने अर्कोतिर साम्यवाद र साम्राज्यवादका बीच तानातानी भइरहेको, हिटलरी तानशाही प्रवृत्तिले विश्वलाई सर्वत्र प्रभाव पारिरहेको, विश्वयुद्ध भएका आदि कुराहरू बताइएको छ । शंकराचार्यको वेदान्त दर्शन र गान्धिको गान्धिवादले केही शीतलता दिएको कुरा उल्लेख गर्दै खण्डकाव्यकार स्वदेशतर्फ दृष्टि दिन पुग्छन् । बालाजु जाने बाटो अगाडिको गरीबीको दृश्य, तेल घस्न लागेको सुत्केरी आईमाई, धुलामा खेलेका केटाकेटी एवं श्रमिक नारीका दयनीय कथा व्यक्त गरिएको छ । दाउरे जीवन, नेपाली डोका, नाम्लो, स्याखु-छत्री, घाँस दाउरा आदिका बीच नेपाली जीवन बाँचेको कुरा बताउँदै समले आफ्नो मुखपात्र जंगलीको प्रवेश गराएका छन् । जंगलीका माध्यमबाट अन्याय र अत्याचारको विरोध गर्दै मानवतावादको चर्को नारा फलाक्न लगाउँछन् । उसका पछाडि थुप्रै थुप्रै मान्छेहरू पनि लागेको कुरा बताउँदै खण्डकाव्यको अन्त्य गरिएको छ । **आगो र पानी**को कथावस्तु यही हो ।

**आगो र पानी** कवि समको समन्वयवादी चिन्तन व्यक्त भएको खण्डकाव्य हो । यसमा आगो र पानीको लामो युद्ध प्रस्तुत गरिएको छ । आगो र पानी मध्ये आगो क्रान्तिको प्रतीक हो भने पानी शान्तिको प्रतीक हो । आगो र पानी मृत्यु र जीवनका अर्का रूप हुन् । आगो दन्दनाएर विश्वब्रह्माण्डलाई नै स्वाहा पनि पार्न चाहन्छ भने पानी त्यसलाई निभाएर जीवनको संघार गर्न चाहन्छ । यी दुई तत्त्व बीचको झगडा सृष्टिको आदि कालदेखि चल्दै आएको झगडा हो । सृष्टिको शुरुमा पृथ्वी एउटा आगोको डल्लो भएको र त्यो डल्लो सेलाउँदै गएपछि पानीको सञ्चार भएर मात्र जीवनको शुरुवात भएको विचार प्रस्तुत गर्दै आगो र पानीको सम्झौतामा जीवन धानिन सक्छ तर एउटा तत्त्व मात्र असन्तुलित भई दिएमा सम्पूर्ण जीवन नै चकनाचुर भइदिन्छ भन्ने विचार यस खण्डकाव्यमा व्यक्त गरिएको छ । वैज्ञानिक सिद्धान्तका आधारमा आगो र पानीलाई टुक्रयाएर हेर्दा अग्नि तत्त्व र पानी तत्त्वको निर्माणमा सूक्ष्म अणुहरूको अस्तित्व रहेको हुन्छ । सृष्टिक्रममा आगो माथि अमृतको आंशिक विजय भएपछि पानी, विरुवा, थलथले माछा, भ्यागुता हुँदै लाखौं वर्षपछि हात्ति, एक र मान्छेको सृष्टि भएको हो मोटामोटीमा भन्नुपर्दा यो पनि आगो र पानीकै इतिहास हो वास्तवमा आगो इर्ष्या, क्रोध र स्वार्थको प्रतीक हो भने पानी दया प्रेम र मायाको प्रतीक हो मान्छेसँग पनि आगो र पानी दुई विपरीत तत्त्व रहिरहेका हुन्छन् । मान्छे यिनै दुई तत्त्वहरूलाई बोकेर बाँचेको हुन्छ । यी दुई तत्त्वको बीचमा असन्तुलन हुनासाथ जीवनले मृत्युको दासत्व

स्वीकार्नु पर्छ भन्दै खण्डकाव्यमा आगो र पानीको मिलनमा नै जीवन फुल्न सक्ने विचार व्यक्त गरिएको छ ।

मान्छे भित्र आगो र पानी दुवै तत्त्वहरू विद्यमान हुन्छन् । मान्छे भित्रको आगोले लोभ तृष्णा तेरोमेरो, टोकाटोक र खोसाखोसको स्थिति सृजना गर्दछ । यसले मानवीय समयमा अग्निज्वाला दन्काउँछ र अत्याचार-अनाचार एवं नर-हत्या चर्काउँदै जान्छ र अन्तत त्यसैका कारणले ऊ युद्धको परिणाम भोग्न बाध्य हुन्छ । आगाको दबदबामा स्वतन्त्रता, मानवता र न्याय खग्रास बन्न पुग्छन् । यस प्रकारको व्यभिचारी युग र कानूनका बीच बुद्ध, गान्धि र क्राइष्ट जस्ता मान्छेहरू पापी ठहरिन पुग्छन् र आगोको प्रचण्ड तापमा पानी मिचिनु पर्छ । यस प्रकारको संक्रामक क्षणमा जीवनको प्रलय र मृत्युको बोलाबाला हुन्छ र जीवन जीवन नभएर मृत्यु बन्न पुग्छ । समले मृत्युबाट पन्छिएर जीवन बाँच्न आफू भित्रको आगोलाई पानीले निभाएर शान्ति ल्याउनु पर्ने धारणा व्यक्त गरेका छन् । सृष्टिको आदि कलादेखि आगो र पानीको युद्ध हुँदै आएको र आज पनि यही युद्धले प्रश्रय पाइरहेका कुरा बताउँदै समले भोलिका दिनमा सुख र शान्ति प्रतिको आशावादी स्वर उनले व्यक्त गरेका छन् । उनले जीवन फुल्नका लागि आगो र पानीको मिलन हुनु पर्ने विचार यसरी व्यक्त गर्दछन् ।

आगोले निभी पानीले ताती

एक दिन अवश्य मिल्नैपर्छ

गिर्नेले उभिइ उठ्नेले झुकी

परस्पर म्वाइँ साट्नै पर्छ ।

वास्तवमा कवि समको समन्वयवादी चिन्तन स्वर्ग र देवताबट नै प्रारम्भ भएको हो भने नियमित आकस्मिकता हुँदै अगाडि बढेको यस चिन्तनले **आगो र पानी**सम्म आइपुग्दा प्रखरता प्राप्त गरेको छ । आगो र पानीको मिलन हुनु नै जीवन हो । पानीको रस र आगोको आँचमा मात्र जीवन ढुकढुकी गर्छ भन्ने सन्देश समले **आगो र पानी** खण्डकाव्यको आफ्नो मुखपात्र जङ्गलीका माध्यमबाट प्रस्तुत गरेका छन् । खण्डकाव्यको सिंगो पर्यावरण आकलन गर्दा युद्ध, विभिषिका त्रास र अत्याचार-अनाचारको वर्णन पाइए पनि मूलतः समको समग्र स्वर एउटै छ- जीवन सुखमय बनाउने उपाय शक्ति होइन शान्ति हो । त्यो शान्तिको कामना गर्ने जो कोहीले आफू भित्रको अग्निलाई केही मत्थर गर्दै पानीसँग सम्झौता गर्नुपर्दछ । यही समन्वयवादी स्वर नै समको दार्शनिक धरातल हो र **आगो र पानी**ले व्यक्त गरेको केन्द्रीय चिन्तन पनि यही हो । यस खण्डकाव्यको मूल सफलता पनि यही हो । तसर्थ **आगो र पानी**लाई समन्वयवादी चिन्तन व्यक्त गरिएको सफल खण्डकाव्य मान्न सकिन्छ ।

खण्डकाव्यकार बालकृष्ण समको **आगो र पानी**मा व्यक्त भएको दोस्रो स्वर दार्शनिकता हो । यसमा उनले मानवतावादी दर्शन प्रस्तुत गरेका छन् । खण्डकाव्यको अघिको सम्पूर्ण कवितांशमा पृथ्वीको सृष्टि तथा

अन्तर्राष्ट्रिय क्षेत्रमा मानवतामाथि भएको थिचोमिचोको चर्चा गरिएको छ भने पछिको खण्डमा जङ्गली पात्रका माध्यमबाट मानववाद र मानवतावादको शंखघोष गरिएको छ । मूलतः पछिको अंशमा समले पृथ्वीका समग्र सामग्रीमा मानव मात्रको समान अधिकार हुनु पर्ने विचार व्यक्त गरेका छन् ।

शासक र शासित बीच एवं शोषक र शोषित बीचको खाडल फराकिलो हुँदै गएको, श्रमको चर्को रूपमा शोषण भएको, धर्म (बुद्ध विशेषतः) नाना सम्प्रदायको जन्म भएको आदि कारणले मानवता किचिँदै र खुम्चिँदै गएको कुरालाई खण्डकाव्यमा व्यक्त गरिएको छ । साम्राज्यवाद र साम्यवादको आपसी खिचातानी र झैझगडाले हिटलरी तानाशाहको जन्म भयो र विश्वभरि उसले प्रभाव पार्‍यो । ठूलाठूला विश्वयुद्ध भए, वेदान्त दर्शन र गान्धिको आदर्शवाद पनि मन्दमत्थर बन्दै गयो, जसको फलस्वरूप मानवले कोलाहलको सामना गर्नुपर्‍यो । मानव सृष्टिदेखि हजारौं वर्षसम्म किचिँदै आएको मानवताको यही दयनीय स्थितिलाई समले खण्डकाव्यमा प्रस्तुत गरेका छन् । विश्व मानवताले भोग्नु परेका मानवीय यातना नेपालीहरूले पनि भोग्नु परेको कुरालाई समले बालाजु जाने सकको गरीबको दृश्य, तेल घस्न लागेका सुत्केरी आइमाई, धुलो खेलिरहेका केटाकेटी एवं श्रमिक नारीको चर्चाका माध्यमबाट बताएका छन् । नेपाली जनजीवनका ढिकी-जाँतो, डोको-नाम्लो र घाँस-दाउराको चर्चाले नेपाली जीवनको यथार्थ चित्रसमेत प्रस्तुत गरिएको छ । समका विचारमा दिनानुदिन गिर्दै गएको मानवताको मूल कारण मान्छे नै हो र त्यसको संरक्षण गर्ने दायित्व पनि मान्छेमा नै छ । तसर्थ मान्छेले कहिले आगो र कहिले पानी बन्दै मानवताको रक्षा गर्नु पर्छ भन्ने कुरा व्यक्त गर्न उनी जङ्गली पात्रलाई अघि सार्छन् र भन्न लगाउँछन्-

त्यही मानवता ल्याउनलाई

मानव उठीकन अग्नि बनोस्

मानवताको पालनालाई

मानवता बसिकन पानी बनोस् ।

यसरी खण्डकाव्यकार समले **आगो र पानी**मा पृथ्वीको सृष्टिदेखि आजसम्मको लामो इतिवृत्त प्रस्तुत गर्दै इतिहासमा मानवतामाथि भएको थिचोमिचो मानवले भोग्नुपरेका कोलाहलपूर्ण स्थितिलाई प्रस्तुत गरेर अन्तत मानवले मानव भएर बाँच्न पाउनु पर्ने नैसर्गिक अधिकारको पक्षमा आफूलाई उभ्याएका छन् । खण्डकाव्यको अन्त्यमा मुखपात्र जङ्गलीले चोक चोक र गल्ली गल्लीमा मानवमाथि भएका थिचोमिचोका विरुद्ध मानवतावादी भाषण गर्दा थुप्रै मानिसहरू उसका पछि लागेको प्रसङ्ग उल्लेख गरेर आजको मान्छेको मूल चाहना नै मानवतावाद हो भन्ने पक्षमा आफ्ना विचार व्यक्त गरेका छन् । तसर्थ **आगो र पानी** मानवतावादी दर्शन व्यक्त भएको सफल खण्डकाव्य हो ।

**आगो र पानी** बालकृष्ण समको आधुनिक नेपाली काव्य परम्पराको गद्यमा लेखिएको प्रथम खण्डकाव्य हो । दार्शनिक जीवनदृष्टिका सशक्त प्रयोगक्ता समले शास्त्रीयतावादी धाराअन्तर्गत रहेर यसको रचना

गरेका हुन् । उनीपूर्व लेखनाथ तथा देवकोटाले ऋतुविचार र मुनामदन जस्ता खण्डकाव्यहरू दिइसकेका थिए । लेखनाथले मूलतः अनुष्टुप छन्दमा प्रकृतिको महिमा गाउादै ऋतुविचारको रचना गरेका थिए भने देवकोटाले नेपाली लोकजीवनमा प्रचलित झ्याउरे छन्दमा नेपाली ग्रामीण जनजीवनको कारुणिक चित्र एवं राष्ट्रिय भावनालाई प्रस्तुत गरिसकेका थिए । रोमान्टिक धाराका संस्थापक तथा प्रवर्तक देवकोटा र लेखनाथभन्दा भिन्न विषय तथा शिल्प दुवै दृष्टिले भिन्न रूपमा उभिँदै सम **आगो र पानी**मा देखापर्दछन् । यसमा उनले मुक्तक गद्य छन्दको सफल प्रयोग गरेका छन् ।

जसरी शरीरदेखि भिन्न आत्माको अस्तित्व रहँदैन त्यस्तै इतिहास, ज्ञानविज्ञान, दर्शन गणित आदि शरीरदेखि कविता आत्मा भिन्न रहन सक्दैन भन्ने मान्यताका समले आफ्नो यस खण्डकाव्यमा यी सबै तत्त्वहरूको सम्यक प्रयोग गरेका छन् । परम्परागत रूपमा पूर्वीय मान्यता अनुसार कविता मूलतः पद्यमय विधा हो र गद्यमा कविता लेखिँदैन तर समले भन्न खोजिएको कुरा केवल छन्दमा भनिँदैमा कविता बन्न सक्ने कुरा प्रति असहमति जनाउँदै काव्यतत्त्वको प्रयोग सहित कविता लेखेर गद्य पनि कविता हुन सक्ने नमूना प्रस्तुत गरेका छन् । समले कविता भावनाको बौद्धिक कोमलता हो, त्यसैले छन्दले नबाँधिएको वाक्यांश लय र तालमा नपर्दा नपर्दै पनि कविता हुन सक्दछ, लय र तालमै नपरेको वाक्यांश कविता नहुनु पनि सक्दछ भन्ने संकल्प राख्दै खण्डकाव्यको रचना गरेका भए पनि यसमा भावनाको कोमलता भन्दा भावनाको बौद्धिकताको स्थिति बढी र बौद्धिकताको मात्रा न्यून छ । यसमा प्रयुक्त विषयलाई हेर्दा **आगो र पानी** भित्रका सम कवि भन्दा बढी दार्शनिक वा भाषणकर्ता बनेका छन् । कविताभित्र कवितात्मकताको मात्रा ज्यादै कम र वैचारिकताको मात्रा ज्यादै बढी भएकोले यस रचनालाई बुझ्न भावनाका माध्यमबाट सम्भव छैन, बौद्धिकताको साहारा लिनु पर्दछ । काव्यको आश्वादनमा ध्यान राख्ने कवि चेत भएका पाठकलाई **आगो र पानी**ले त्यति सन्तुष्टि दिन सक्दैन । समले भनेको भावनाको बौद्धिक कोमलताले भन्दा भावनाको बौद्धिक कठोरताले पाठकलाई बढी किच्दछ । यसरी समले भावनाको बौद्धिकीकरण गर्दै संवेद्यता, संप्रेषयीयता एवं काव्यात्मकतामा त्यति ख्याल नराखेका भए पनि आफ्ना पूर्वीय पाश्चात्य विशाल ज्ञानराशीलाई गद्य शैलीमा प्रस्तुत गर्दै समन्वयवादी मानवतावादी चिन्तन व्यक्त गरेका हुनलो नेपाली साहित्यको काव्य परम्परामा प्रथम गद्य खण्डकाव्यकारका रूपमा **आगो र पानी**को विशिष्ट स्थान छ ।

खण्डकाव्य कविताका विभिन्न उपविधाहरू मध्ये एक हो । यो कविताको लघु रूप (फुटकर कविता) भन्दा माथिल्लो र बृहद्रूप (महाकाव्य( भन्दा तल्लो कवितात्मक उपविधा हो । खण्डकाव्य के हो भन्ने सम्बन्धमा पूर्व तथा पश्चिममा भिन्नाभिन्नै विचारहरू व्यक्त भएका छन् । पूर्वीय मान्यताअनुसार खण्डकाव्य भवेत काव्य स्यैकदेशानुसारि च अर्थात् खण्डकाव्य भनेको महाकाव्यको एक अंश हो । जीवनका विविध घटनाहरूमध्ये कुनै एक मार्मिक महत्त्वपूर्ण घटनालाई लिएर एउटै छन्दमा लेखिएको लघु काव्यकृति खण्डकाव्य हो । रुद्रटले भनेझैं महाकाव्यले अँगाल्ने पुरुषार्थ चतुष्ट्य (धर्म, अर्थ, काम, मोक्ष) र समग्रता वा अनेक रसको सट्टा कुनै एक पुरुषार्थ वर्ग र जीवनजगत्को खण्ड वा एकदेश र रस विशेषलाई

अंगाल्दछ । यसरी पूर्वीय परम्पराअनुसार खण्डकाव्य भनेको जीवनको कुनै एक मार्मिक घटनालाई लिएर रचना गरिएको पद्यात्मक रचना हो जसमा पुरुषार्थ चतुष्ट्यमध्ये कुनै एक पुरुषार्थवर्गलाई अंगाली एकरसनामा प्रवाहित भएको हुन्छ ।

पूर्वमा जस्तै पश्चिममा पनि कविताको मझौला रूप प्रचलित छ । पाश्चात्य जगतमा कविताका लघु दीर्घ र दीर्घतर गरी तीन रूपको प्रचलन पाइन्छ । कविताको दीर्घरूप पूर्वमा प्रचलित कविताको मझौला रूप अथवा खण्डकाव्य समकक्षी उपविधा हो । यो अवचेतन वा अमूर्त लेखनमा माध्यमबाट रचना हुने भएकाले यसमा आख्यानचूर्ण वा सूक्ष्म आख्यानात्मकताको स्थिति भेटिन्छ । पूर्वमा जस्तै सुनियोजित आयोजनाको स्थितिमा पश्चिममा प्रचलित लामो कवितामा हुँदैन । दीर्घतर कविताका तुलनामा कविताको दीर्घ रूपमा जीवनको एक घटनालाई लिने गरिन्छ र मूलतः कविको चेतनाले नै प्रशस्त प्रश्रय पाएको हुन्छ ।

पूर्वीय तथा पाश्चात्य खण्डकाव्य मान्यताका कसीमा **आगो र पानी** खण्डकाव्यलाई हेर्दा पूर्वीय परम्पराले स्वीकारेमा खण्डकाव्यगत मान्यतालाई **आगो र पानी**ले खण्डकाव्यलाई हेर्दा पूर्वीय परम्पराले स्वीकारेका खण्डकाव्यगत मान्यतालाई **आगो र पानी**ले नस्वीकारेको स्थिति यत्रतत्र भेट्टाउन सकिन्छ । यसमा जीवनको एक खण्डको मात्र अभिव्यक्ति छैन, पुरुषार्थवर्गको पालना गरिएको छैन, एकरसता मात्र छैन, पूर्वीय छन्दलाई स्वकिारिएको छैन, पात्रगत संयोजनमा पनि खण्डकाव्यको पूर्वीय मान्यता भन्दा भिन्न छ । यिनै विभिन्न पूर्वीय मान्यतालाई स्वीकार नगरिएका कारण **आगो र पानी**लाई पूर्वीय मान्यताका कसीमा दाँजेर हेर्न मिल्दैन किनकी पूर्वीय मान्यताका आधारमा यसको रचना गरिएको पनि होइन ।

पश्चिमी खण्डकाव्यले स्वीकारेका मान्यतासँग **आगो र पानी**लाई तुलना गरी हेर्दा यसले पाश्चात्य लामो कवितासँग संरचनागत समानता राख्दछ, गद्य शैलीलाई स्वीकार गर्दछ र चेतनाको प्रवाहलाई समात्दछ । यस्ता केही पक्षमा समानता राख्दा राख्दै पनि यो खण्डकाव्य पाश्चात्य लामो कविता भन्दा भिन्न छ । मूलतः **आगो र पानी**ले पूर्वीय पाश्चात्य मान्यतालाई अनुशरण गर्न भन्दा नवीनता दिने काम नै बढी गरेको छ । पूर्वीय पाश्चात्य तथा नेपाली परम्पराभन्दा भिन्न रहेर जीवनको एक अंशको नभएर विराटता र व्यापकता भन्दा पर सृष्टिकै लामो वर्णन गर्दै आगत र अनागत युगको यात्रा गरेको छ । पात्रगत संयोजनमा पनि यसको आफ्नै विशेषता छ । पात्रगत संक्षिप्तता/अल्पता अथवा एउटै पात्र (जङ्गली) लाई र त्यसमा पनि त्यसलाई खण्डकाव्यको अन्त्यमा उपस्थित गराएर पात्र संयोजनगत नवीनता ल्याउने काम यस खण्डकाव्यले गरेको छ ।

## ३. निष्कर्ष

निष्कर्षमा भन्दा खण्डकाव्यकार बालकृष्ण समको **आगो र पानी** खण्डकाव्य नेपाली साहित्यको नवीन प्रयोग हो । कविताको गद्य शैलीमा सूत्रात्मक रूपले विषयवस्तुको चर्चा गर्दै अभिव्यञ्जनात्मक पाराले सुन्दर काव्यको सृजना गरिएको र भावनाको बौद्धिकीकरणका माध्यमबाट धर्म, दर्शन, इतिहास, राजनीति आदि पक्षलाई समावेश गरी खण्डकाव्यलाई बोझिलो बनाएर र पूर्वी-पश्चिमी साहित्यको अध्ययनबाट खारिएको मतिष्क एवं काव्य साधनाले अभ्यस्त प्रस्तुतीकरणको संगमका रूपमा यस खण्डकाव्यलाई प्रस्तुत गरिएको छ । इतिहास र दर्शनले खारिएको मस्तिष्कको उपज **आगो र पानी** खण्डकाव्य नेपाली खण्डकाव्य परम्पराको आधुनिक कालको विशिष्ट उपलब्धि हो । माझिएका शब्द प्रयोग, सूत्रात्मक उक्ति, सभ्यताको विशद् वर्णन, मानवतावादी दर्शन, समन्वयवादी चिन्तन, ज्ञानविज्ञानद्वारा सिंचित बौद्धिकता, युटोपियाको परिकल्पना र अन्तर्राष्ट्रिय मानववाद, विश्वबन्धुत्व तथा राष्ट्रियताको भावना आदि पक्षलाई नवीन पाराले प्रस्तुत गर्नु नै यस खण्डकाव्यका विशेषता हो र यही अर्थमा **आगो र पानी** गरिमामय एवं नेपाली साहित्यको एक विशिष्ट प्राप्ति बन्न पुगेको छ ।